नेपाल सरकार

रक्षा मन्त्रालय

**नेपाली सेना**

फोन नं. ९८६३०२९१३३

ईमेलः nineebrigade56@gmail.com

प.सं. १४५०५/लेखा/२६/०७८/७९/ ०२

**नं. ९ बाहिनी अड्डा,**

बर्दिबास सैनिक शिविर, महोत्तरी ।

मितिः २०७८।०४।०५ गते ।

श्री श्रीगणेश कन्स्ट्रक्सन, (प्रो.जागृत चौरैल)

गढी-४, मकवानपुर ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

१. उपरोक्त बिषयमा चालु आ.ब. २०७८/७९ मा बर्दिबास सैनिक शिविर, महोत्तरी हाताभित्र निर्माण हुने एक्सप्लोसिभ बंकर निर्माण गर्नको लागि मिति २०७८/०३/०२ गते राष्ट्रिय दैनिक पत्रिकामा बिद्युतीय बोलपत्र (e-GP) आव्हानको सुचना प्रकाशित भई श्री मध्य पूर्वी पृतना हे.क्वा. बाट बोलपत्र सम्बन्धी कागजाद अपलोड भएकोमा यस स्थानमा तैनाथ रहन आएको यस बाहिनी अड्डाबाट बोलपत्रको सम्पूर्ण कार्य गर्ने निर्देशन भएनुसार मिति २०७८/०४/०१ गतेको १२०० बजेसम्म पेश हुन आएका ५ (पांच) थान बोलपत्रहरु ऐ. मितिको १३०० बजे खोलुवा बोर्ड तथा उपस्थित प्रतिनिधीहरुको रोहवरमा खोलुवा भई मिति २०७८/०४/०४ गते प्रमुख सेनानी श्री चिरञ्जीवी पौडेलको अध्यक्षतामा गठित बोलपत्र मुल्यांकन समितिबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम परीक्षण एवं ऐ. ऐनको दफा २५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ बमोजिम मुल्यांकन गर्दा तपाईको बोलपत्र ऐ. ऐनको दफा २७ को उपदफा (१) बमोजिम न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएको हुंदा एक्सप्लोसिभ बंकर निर्माण गर्नको निमित्त ऐ. ऐनको दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सुचना जारी गरिएको व्यहोरा जानकारी गराईन्छ ।

२. साथै श्रीगणेश कन्स्ट्रक्सनबाट मु.अ.कर बाहेक रु.५७,५३,५३५.५६ (सन्ताउन्नलाख त्रिपन्नहजार पांचसय पैंतिस र पैसा छपन्न मात्र) मुल्य प्रस्ताव गरेको हुंदा सो सम्वन्धमा कुनै असहमती तथा गुनासो भएमा आजका मितिले ७ दिन भित्र यस बाहिनी अड्डा, बर्दिबास सैनिक शिविर, महोत्तरीमा प्रमाण सहित लिखित निवेदन पेश गर्नु हुन बोधार्थमा उल्लेखित फर्महरुलाई यसै पत्र मार्फत् अनुरोध गरिन्छ ।

**(शिशिर चन्द्र के.सी.)**
**सहायक रथी**
**बाहिनीपति**

**बोधार्थः**

श्री प्रबन्धरथीको कार्यालय, जंगी अड्डा ।

श्री पूर्वी कमाण्ड हे.क्वा., हिले व्यारेक, धनकुटा ।

श्री सैनिक जनसम्पर्क निर्देशनालय, जंगी अड्डा ।

श्री गौरी गणेश कन्स्ट्रक्सन, गौर-९ रौतहट ।

श्री ईभांसु ईसा कन्स्ट्रक्सन, सैंबु-३, ललितपुर ।

श्री अगम कन्सट्रक्सन एण्ड सप्लायर्स, कमलामाई न.पा.६, सिन्धुली ।

श्री एस.रामेछाप कन्स्ट्रक्सन प्रा.लि., रामेछाप ।